# श्री बुद्धशान्ति साझेदारी वन उपभोक्ता समूह

रामग्राम-१८ (साविक [illegible]) नवलपरासी

प.सं. :- २०८१/०८२

च.नं. :-

मिति :२०८२/०१/०५

**विषय :- गोलिया काठ लिलाम वढावढको सूचना ।**

(दोश्रो पटक प्रकाशन मिति : २०८२/०१/०९ गते)

वुद्धशान्ति साझेदारी वन उपभोक्ता समूह, रामग्राम-१८ नवलपरासीको स्वीकृत वन व्यवस्थापन कार्ययोजना अनुसार आ.व. २०८०/०८१ मा कटान मुछान भई यस समूहको भागमा परेको रामग्राम पाल्हिनन्दन सव डिभिजन वन कार्यालय, अमरौटको कार्यालय कम्पाउण्डमा घाटगद्दी भएको तपशील वमोजिमको गोलिया काठ जे जस्तो अवस्थामा छ सोही अवस्थामा आफ्नै खर्चमा उठाई लैजाने गरी शिलबन्दी वोलपत्रद्धारा लिलाम विक्रि गर्नको लागि यो सूचना प्रकाशित गरिएको छ। काठको कारोवार गर्ने उद्देश्यले मु.अ. कर वा स्थायी लेखा नम्वर (PAN) मा दर्ता भएका ईच्छुक व्यक्ति, फर्म वा उद्योगले यो सूचना वुटवल टुडे राष्ट्रिय दैनिकमा दोश्रो पटक प्रकाशित भएको मितिले १५ दिन भित्र वोलपत्र खरिद गरि १६ औं दिनको ३:०० वजेभित्र न्यूनतम मूल्यवाट वढावढ गरीशिलबन्दी वोलपत्र दर्ता गराउनु हुन आव्हान गरिएको छ ।

१. वन पैदावार (काठ) को विवरण:

| वन पैदावारको विवरण | | | | | मुल्याङ्कन (रु) | | | प्लट | दाउ |
|---|---|---|---|---|---|---|---|---|---|
| लट नं. | जात | ग्रेड | थान | परिमाण ( क्यू.फि./चट्टा) | राजश्व | न्यूनतम | संकलन खर्च | | |
| ४ | असना | ए | १८ | ३६३.७० | ४०० | १४५४८० | प्रति क्यु.फि रु १८४०८ | C2S2-5 | २.३ |
| | असना | वि | ३० | ३०६.२७ | ३०० | ९१८८१ | | | |
| | असना | सि | १०२ | ४४५.६८ | १०० | ४४५६८ | | | |
| | कर्मा | वि | २ | २०.६० | ३०० | ६१८०.० | | | |
| | कर्मा | सि | ३ | ११.२३ | १०० | ११२३.० | | | |
| | क्यामुना | | १ | ३.०१ | १०० | ३०१ | | | |
| | सिगाने | | ५ | १८.२० | १०० | १८२० | | | |
| | अन्य | | १ | २.६४ | १०० | २६४ | | | |
| | | | १६२ | ११७१.३ | | २९१६१७ | | | |
| ६ | साल | ए | ४ | ६६.६३ | १२५० | ८३२८८ | प्रति क्यु.फि रु १८४०८ | C2S2-5 | १३ |
| | साल | वि | २५ | २०८.९२ | ९०० | १८८०२८ | | | |
| | साल | सि | ७९ | ३५८.९७ | ६०० | २१५३८२ | | | |
| | साल | डि | ७ | २३.७० | ३०० | ७११० | | | |
| | | | ११५ | ६५८.२२ | | ४९३८०८ | | | |
| | असना | वि | ९ | ८१.६३ | ३०० | २४४८९ | | | |
| ११ | साल | ए | १० | १४१.९२ | १२५० | १७७४०० | प्रति क्यु.फि रु १८४०८ | C3S1-6 | ८,११ |
| | साल | वि | ३३ | ३५९.८३ | ९०० | ३२३८४७ | | | |
| | साल | सि | १३७ | ४८९.४८ | ६०० | २९३६८८ | | | |
| | साल | डि | १४ | ३४.१९ | ३०० | १०२५७ | | | |
| | असना | सि | १ | १.४२ | १०० | १४२ | | | |
| | | | १९५ | १०२६.८४ | | ८०५३३४ | | | |

# श्री बुद्धशान्ति साझेदारी वन उपभोक्ता समूह

रामग्राम-१८ (साबिक ... ) नवलपरासी

प.सं. :- २०८१/०८२

च.नं. :-

२. प्रस्तुत विषयको संक्षिप्त सूचना वुटवल टुडे राष्ट्रिय दैनिक पत्रिकामा प्रकाशित भएको मिति २०८२/०१/०९ ले १५ औं दिन (मिति : २०८२/०१/२३ गते सम्म) कार्यालय समय भित्र बोलपत्र वापत रु. १०००/- तिरी (पछि फिर्ता नहुने) वुद्धशान्ति साझेदारी वन उपभोक्ता समूह, रामग्राम १८, नवलपरासी र डिभिजन वन कार्यालय नवलपरासी (व.सु.प.) वाट खरिद गर्न सकिने छ । वोलपत्र खरिद गर्नको लागि प्रोपाइटर आफै उपस्थित नभई प्रतिनिधि पठाएमा प्रोपाइटरको मन्जुरीनामा निवेदन साथ अनिवार्य रुपमा पेश गर्नु पर्नेछ । निवेदन साथ आवश्यक कागजातहरु (फर्म दर्ता प्रमाण पत्र, नेपाली नागरिकताको प्रमाणपत्र, सम्वन्धित डिभिजन वन कार्यालयमा सुचिकृत भएको प्रमाण पत्र, मु.अ. कर दर्ता वा स्थायी लेखा नम्वर (PAN) दर्ता प्रमाणपत्र, कर चुक्ता प्रमाणपत्रहरुको प्रतिलिपि) संलग्न हुनु पर्नेछ ।

३. वोलपत्र खरिद तथा दाखिला गर्नुपर्ने अन्तिम मिति र समय :

क) खरिद गर्ने अन्तिम मिति :- २०८२।०१।२३ गते कार्यालय समय भित्र ।

ख) दाखिला गर्ने अन्तिम मिति :- २०८२।०१।२४ गते समयः- दिनको ३.०० बजे सम्म ।

४. वोलपत्रसाथ कबोल गरेको रकमको १० प्रतिशतले हुन आउने रकम यस समुहको परासी स्थित रा. वा. बैंकमा रहेको खाता नं. ३१००१००००४४२२००१ मा नगद जम्मा गरेको सक्कल भौचर वा यस समूहको नाममा खिचिएको ६ महिना भन्दा वढि अवधिको वैंक जमानत समावेश हुनु पर्नेछ । नगद धरौटीलाई मान्यता दिइनेछैन ।

५. लिलाम वढावढ हुने वन पैदावार सम्वन्धमा वुद्धशान्ती साझेदारी वन उपभोक्ता समूह, कार्यान्वयन ईकाईमा सम्पर्क राखी घाटगद्दीस्थान : रामग्राम पाल्हिनन्दन सव डिभिजन वन कार्यालयको कम्पाउण्ड, अमरौटमा गई हेर्न सकिने छ ।

६. लिलाममा भाग लिन ईच्छुक व्यक्ति, कम्पनी वा फर्मका प्रोपाइटरले फर्म दर्ता प्रमाण पत्र, नेपाली नागरिकताको प्रमाणपत्र, सम्वन्धित डिभिजन वन कार्यालयमा सुचिकृत भएको प्रमाण पत्र, मु.अ. कर दर्ता वा स्थायी लेखा नम्वर ( PAN) दर्ता प्रमाण पत्र, कर चुक्ता प्रमाणपत्रहरुको प्रतिलिपि वोलपत्रसाथ पेश गर्नु पर्ने छ । नागरिकता वाहेकका कागजातहरु आ.व. २०८१/०८२ सम्मको लागि नवीकरण भएको हुनु पर्ने छ ।

७. वोलपत्रमा सकार गरिएको रकम अंक र अक्षर दुवैमा लेख्नु पर्दछ । अंक र अक्षरमा फरक परे अक्षरलाई मान्यता दिइने छ ।

८. निर्धारण गरिएको न्यूनतम संख्याका र रितपूर्वक दर्ता भएका वोलपत्रहरु यस कार्यालयमा प्रतिनिधिहरुको रोहवरमा खोलिने छ । वोलपत्रदाता वा निजको प्रतिनिधि उपस्थित नभए पनि वोलपत्र खोल्न कुनै वाधा पर्ने छैन । वोलपत्र खोल्ने बारेको सूचना कार्यालयको सूचनापाटीमा टाँस गरिनेछ ।

९. बोलपत्र खरिद र दर्ता गर्ने अन्तिम दिन विदा परे सो को भोलिपल्ट कार्यालय खुलेको दिनलाई अन्तिम दिन मानिने छ ।

१०. वोलपत्र खरिद गर्दा लट अनुसार वेग्लां वेग्लै खरीद गरी दाखिला गर्दा पनि लट अनुसार वेग्ला वेग्लै दाखिला गरी खाम वाहिर प्रष्टसँग लट नं. उल्लेख गरेको हुनु पर्ने छ ।

११. लिलाम स्वीकृति भएको जानकारी समूहको सूचना पाटीमा प्रकाशित गरिनेछ । सो को जानकारी लिनुपर्ने दायित्व वोलपत्रदाताको हुनेछ । वोलपत्र स्वीकृत भएको सम्वन्धी सूचना प्रकाशित भएको वा जानकारी प्राप्त भएको मितिले १५ दिन भित्र सकार गरेको रकम तथा निर्धारित मु.अ. कर, अग्रिम आयकर, संकलन खर्च समेत वुझाई वन पैदावार तोकिएको अवधिभित्र उठाई लैजानु पर्ने छ ।

१२. बोलपत्र स्वीकृत गर्ने वा नगर्ने अधिकार सम्बन्धित निकायमा सुरक्षित रहने छ ।

१३. वन पैदावार संकलन तथा विक्री वितरण निर्देशिका २०७३ मा उल्लेखित व्यवस्था पुर्ण रुपमा लागु हुनेछ ।

१४. सकारकर्ताले रकम दाखिला गरेपछि कार्यालयबाट लिलाम गरिएको काठ विमार्का गरी २१ दिन सम्मको म्याद दिई छोडपूर्जी दिन सकिनेछ ।

१५. अन्य कुराको हकमा प्रचलित ऐन, कानुन, नियम, निर्देशिका वमोजिम हुने छ ।

१६. सूचना बमोजिम बोलपत्र पेश गरिसकेपछि सूचनाका शर्त सम्बन्धमा उठाईने कुनै विवाद स्वत : अमान्य हुनेछ ।

ईति सम्वत २०८२ साल बैशाख महिनाको ९ गते ३ मा शुभम् ..............................................